''स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद''

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA

# अखिल नेपाल फुटबल संघ

(फिफा, ए.एफ.सि. र रा.खे.प. बाट मान्यता प्राप्त)

कर्मा छिरिङ्ग शेर्पा
अध्यक्ष

इन्द्रमान तुलाधर
महा-सचिव

## अखिल नेपाल फुटबल संघका अध्यक्षको शुभ कामना संदेश तथा अभिव्यक्ति

मिति : २०७७।१।१गते

**श्री एन्फा सदस्य संस्थाहरु,**

समपूर्ण जिल्ला फुटबल संघहरु, ए, बी, सी, डिभिजनका क्लबहरु, कार्य समितिका पदाधिकारी तथा सदस्यहरु, फुटबल प्रशिक्षक, रेफ्रि तथा जिल्ला फुटबल संघमा आवद्ध रहेका खेलाडी, प्रशिक्षक तथा रेफ्रि लगाएत बिभिन्न उमेर समुह र राष्ट्रिय महिला तथा पुरुष राष्ट्रिय टिमका खेलाडीहरुका साथै सम्पूर्ण फुटबल खेल प्रेमीहरु एवम् सरोकारवालाहरु सम्पूर्ण महानुभावज्यूहरु,

हाल बिश्व व्यापि रुपमा फैलिदै गएको कोभिड-१९ (नोभल कोरोना भाईरस)ले बिश्वका २०० भन्दा बढी देशहरुमा प्रभाव पारेकोछ भने नेपाल पनि यस रोगबाट अछुतो रहन नसकेको कुरो यहांहरु समक्ष जानकारी गराउँन चाहान्छु ।

यसै सन्दर्भमा हालको असहज परिस्थितिमा फुटबल खेलमा आवद्ध रहनु भएका एन्फा सदस्य संस्था जिल्ला फुटबल संघहरु, ए, बी, सी, डिभिजनका क्लबहरु, कार्य समितिका पदाधिकारी तथा सदस्यहरु, फुटबल प्रशिक्षकहरु, रेफ्रिहरु तथा जिल्ला फुटबल संघमा आवद्ध रहेका खेलाडी तथा महिला तथा पुरुष राष्ट्रिय फुटबल टिमका खेलाडीहरु लगाएत सम्पूर्ण फुटबल खेल प्रेमीहरु एवमे सरोकारवालाहरु सबैमा मेरो व्यक्तिगत रुपमा र एन्फाको तर्फबाट **नयां बर्ष २०७७ को शुभ कामना** व्यक्त गर्न चाहान्छु ।

यस प्रतिकुल अवस्थामा सम्पूर्ण फुटबलमा आवद्ध व्यक्तित्वहरुमा एक्यवद्धता जनाई आफु पनि सुरक्षित रहन र अरुलाई पनि सुरक्षित रहन सहयोग र जनचेतना जगाई सामाजिक दुरी कायम गरी बिश्वव्यापि रुपमा फैलिएको रोग संग लडन र स्वस्थ रहन बिनम्र अनुरोध गर्दछु ।

हामी फुटबल खेल संग अवद्ध सबै जनाको स्वाथ्य नै सबै भन्दा महत्वपूर्ण भएकोले स्वास्थ्यलाई बिशेष प्राथमिकता दिई शरीर स्वस्थ भएमा फुटबल खेलमा प्रभावकारी रुपले सहभागी हुन सक्ने भएकोले कुनै पनि खेलाडीहरु खेल संग आवद्ध रेफ्रिहरु, प्रशिक्षकहरु र प्रत्यक्ष संलग्न व्यक्तीहरुको स्वस्थ भन्दा ठूलो अन्य नभएकोले स्वस्थ्य रहन आग्रह गरी कुनै पनि तहको फुटबल संग आवद्ध महानुभावहरुलाई कुनै पनि समय असहज परिस्थिति श्रृजना भएमा फुटबल खेलको माध्यमबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता जाहेर गर्दछु । साथै फुटबल खेलमा आवद्ध जो कसैलाई तत्काल सहयोग तथा राहत आवश्यक भएमा एन्फामा जानकारी गराउनु भएमा त्यस्ता व्यक्तिहरुलाई एन्फाले तत्काल सक्दो सहयोग र राहत प्रदान गर्ने समेत जानकारी गराउँदछौ ।

एन्फा हाउस, सातदोबाटो, ललितपुर, पोष्ट बक्स नं. १२५८२, काठमाडौं, नेपाल ।
फोन नं. ९७७-१-५२०१०६०, ५-२०१०६२, ५-२०२३१९ फ्याक्स : ९७७-१-५२०१०५५, ईमेल : nep@the-afc.com
www. the-anfa.com

यस भयावह परिस्थितिबाट बाहिर निस्किन ज्यादै कठीन परिस्थितिको सामना गर्नु पर्ने देखिएको हुंदा यस परिस्थितिलाई भबिष्यमा सहज बनाउन फुटबल संग आवद्ध सबै सरोकारवालाहरुको सल्लाह सुझाव बमोजिम निकट भबिष्यमा एन्फाले नेपाली फुटबल खेलको माध्यमबाट बिभिन्न फुटबलका गतिबिधिहरु र कार्यक्रमहरु गर्दै जाने पनि प्रतिवद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, यस असहज परिस्थितिमा सबैलाई नआत्तित र धैर्यगरी हालको परिस्थिति संग जुध्न शक्ति प्रदान गरुन भनि भगवान संग प्रार्थना गर्दछु र सम्पूर्ण फुटबल प्रेमीहरुको सहयोग र सौहार्दताको कामना गरी फुटबल खेलको गतिबिधिहरुलाई पस्थिति सामान्य हुने बित्तिकै सबै सरोकारवालाहरुसंग आवश्यक छलफल र सरसल्लाहहरु गरी चाडै नै संचालन गर्ने प्रतिवद्धता पनि व्यक्त गर्दै एन्फाको साधारण सभा, बिश्व कप फुटबल प्रतियोगिताको छनौट चरणका खेलहरु र शहिद स्मारक बी डिभिजन लिग फुटबल प्रतियोगिता लगाएत अन्य कार्यक्रमहरु र प्रतियोगिताहरु यस असामान्य परिस्थितिले स्थगित हुन गएकोमा क्षमा प्रार्थी छु । साथै एन्फाले प्रदान गर्ने एन्फा सदस्य जिल्ला संघहरु र क्लबहरुलाई प्रदान गर्नु पर्ने आर्थिक अनुदान सहयोगहरु समय सापेक्ष उपलव्ध गराईने पनि जानकारी गराउदै पुनः नेपालीहरुको नयां बर्ष २०७७ को उपलक्षमा मेरो व्यक्तगत तर्फबाट र एन्फाको तर्फबाट पनि हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

जय नेपाली फुटबल ।

(कर्मा छिरीङ्ग शेर्पा)
अध्यक्ष
एन्फा